पुतलीबजार नगरपालिका

स्याङ्जा

# वार्षिक नीति तथा कार्यक्रम

## आर्थिक वर्षः २०८३/०८४

२०८३ असार १०

पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

पुतलीबजार नगरपालिकाको

## आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

**नगरसभा सदस्यहरु :**

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई स्थानीय तहदेखि नै संस्थागत गर्दै, जनताको निकटतम सरकारको रूपमा रहेको यस **पुतलीबजार नगरपालिका**को नगर प्रमुखको हैसियतले गरिमामय १९ औं **नगर सभा**मा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी र गौरवको अनुभूति भएको छ।

२. यस ऐतिहासिक घडीमा, मुलुकमा संघीयता, लोकतन्त्र र सामाजिक न्याय स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात **अमर सहिदहरूप्रति** भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।साथै हाल सम्म भएका विभिन्न प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गर्ने सम्पूर्ण अग्रज नेतागणहरु, प्रथम जन निर्वाचित प्रधानमन्त्री स्व. विश्वेवर प्रसाद कोईरालाज्यू लगायत आन्दोलन सफल बनाउन साथ र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई स्मरण गर्न चाहन्छु ।

३. हामीले स्थानीय सरकारको नेतृत्व सम्हालेको यस कार्यकालको पाँचौं वर्षमा प्रवेश गर्दै गर्दा, विगतका वर्षहरूमा हामीले तय गरेका विकासका जगहरू र हासिल गरेका उपलब्धिमा उभिएर यो नीति तथा कार्यक्रम तयार गरिएको छ।सीमित स्रोततथा साधन, असीमित आवश्यकता र विभिन्न आर्थिक चुनौतीहरूका बीचपनि नगरबासीहरूको निरन्तर सहयोग, जनप्रतिनिधिहरूको ऐक्यबद्धता र कर्मचारीहरूको सक्रियताका कारण हामीले पुतलीबजारलाई एक समृद्ध र सुशासित नगरपालिकाका रूपमा अगाडि बढाउन सफल भएका छौं।

४. चालु आर्थिक वर्षमा हामीले कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारका क्षेत्रमा सकारात्मक सूचकहरू हासिल गरेका छौं।यस नीति तथा कार्यक्रमले विशेष गरी उत्पादनमुखी अर्थतन्त्र, स्थानीय रोजगारी सिर्जना, दिगो पूर्वाधार विकास र प्रविधिमैत्री सुशासनलाई मुख्य प्राथमिकतामा राखेको छ।

५. नेपालको संविधान, २०७२ स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचालित कानूनले दिएको अधिकार क्षेत्रभित्र रही संघीयताको कार्यान्वयन, सबलीकरण, स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, स्थानीय रोजगारी सिर्जना, नगरस्तरीय सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना, सुशासन प्रवर्द्धनर भ्रष्टाचार नियन्त्रणमा हाम्रो सरकार प्रतिबद्ध रहेको छ।

६. हाम्रो सरकारलेविगत वर्षमा अघि बढाएका नीति तथा कार्यक्रमहरूको समीक्षा,प्राप्त उपलब्धि र कार्यान्वयनबाट हासिलगरेका अनुभव समेतलाई आत्मसाथ गर्दै आगामी आर्थिक वर्ष२०८३/०८४को प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**नगरसभा सदस्यहरु,**

७.नगरको विकासमा प्रत्यक्ष योगदान पुर्‍याउने आदरणीय नगरबासीहरू, राजनीतिक दलहरू, नागरिक समाज, निजी क्षेत्रविभिन्न संघ-संस्था तथा सरोकारवालाहरुबाट प्राप्त सुझावहरुलाई आत्मसाथ गर्दै आगामी आर्थिक वर्षका मुख्य नीति र क्षेत्रगत कार्यक्रमहरू यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आर्थिक विकास**

**कृषि विकास**

पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

१. कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने कार्य क्रमशः अगाडि बढाइनेछ ।

२. नगरपालिकाका प्रत्येक वडामा स्थानीय आवश्यकता अनुसार गुणस्तरीय तरकारी बालीका बेर्ना उत्पादन तथा वितरण गर्ने उद्देश्यले "एक वडा एक नर्सरी" कार्यक्रमलाई निरन्तरता दिइनेछ। नर्सरी स्थापना, क्षमता विकास, प्राविधिक सहयोग तथा बजार व्यवस्थापनमा आवश्यक सहयोग प्रदान गरिनेछ।

३. कृषकलाई एकै स्थानबाट कृषि सेवा उपलब्ध गराउन माटो परीक्षण, बाली संरक्षण, प्राविधिक परामर्श तथा कृषिसामग्रीसम्बन्धी सेवा समेटिएको एकीकृत कृषि शिविर सञ्चालन गरिनेछ।

४. बाँझो जमिनको सदुपयोग गर्ने उद्देश्यले धान, मकैं, गहुँ, आलु, तथा अन्य प्रमुख बालीहरूको उन्नत बीउबिजनको पहुँच विस्तार गरिनेछ।

५. परागसेचन तथा कृषकको आय वृद्धिका लागि मौरीपालन व्यवसायलाई प्राथमिकता दिइनेछ। मौरीघार, उपकरण, तालिम तथा प्राविधिक सेवामार्फत मौरीजन्य उत्पादनको व्यवसायीकरण गरिनेछ।

६. कृषिमा श्रम लागत घटाई उत्पादन वृद्धि गर्न साना तथा मझौला कृषि यन्त्र उपकरणको प्रयोगलाई प्रोत्साहन गरिनेछ। मिनी टिलर, पावर टिलर तथा अन्य कृषि सामग्री पचास प्रतिशत अनुदानमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

७. स्थानीय सम्भावना भएका क्षेत्रमा फलफूल खेती विस्तार, उत्पादन वृद्धि, प्रशोधन तथा बजारीकरणका लागि कृषक समूह तथा सहकारीमार्फत प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

८. सुन्तला उत्पादनको उच्च सम्भावना भएका क्षेत्रहरूलाई पकेट क्षेत्र घोषणा गरी सुन्तला खेती विस्तार, पुनःस्थापना तथा व्यवस्थापनका लागि आवश्यक प्राविधिक, भौतिक तथा वित्तीय सहयोग उपलब्ध गराइनेछ।

९. सुरक्षित, स्वस्थ तथा वातावरणमैत्री कृषि उत्पादन प्रणालीको विकास गर्न प्राङ्गारिक तरकारी खेतीलाई प्राथमिकताका साथ प्रवर्द्धन गरिनेछ।

१०. रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गर्दै स्थानीय स्रोतमा आधारित प्राङ्गारिक मल, कम्पोष्ट मल, भर्मीकम्पोष्ट, जैविक मल तथा जैविक विषादी उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ।

११. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न साना सिँचाइ, लिफ्टिङ् सिँचाइ प्रणालीको विकास, विस्तार तथा दिगो व्यवस्थापनलाई प्राथमिकता दिइनेछ साथै स्थानीय स्तरमा उपलब्ध मुहान, खोला, नदी, कुवा, पोखरी तथा वर्षापानी संकलनका स्रोतहरूको संरक्षण, विकास तथा उपयोगलाई प्रोत्साहन गरिनेछ।

## पशुपन्छी सेवा

१२. विपन्न, गरीब, सामाजिक रुपमा पिछडिएका साना किसानको आय आर्जन तथा जीविकोपार्जनमा टेवा पुर्याउन निशुल्क कुखुराको चल्ला वितरण कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३. नगरपालिका भित्र रहेका पशुपन्छीलाई आवश्यकताका आधारमा निःशुल्क औषधी वितरण, पशु स्वास्थ्य शिविर, महामारीजन्य रोग विरुद्धको खोप तथा जैविक सुरक्षा सम्बन्धी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१४. व्यावसायिक कृषकहरुका बीच अनुभवको आदान प्रदानका लागि अन्तर जिल्ला अध्ययन तथा अवलोकन भ्रमण गर्ने व्यवस्था मिलाइनेछ ।

१५. दूधको उत्पादन बढाई दूधमा आत्मनिर्भर हुन तथा नश्ल सुधार गर्न कृत्रिम गर्भाधान मिसन कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१६. कुकुरको टोकाइबाट मानिसमा लाग्ने रेविज रोगनियन्त्रण गर्न कुकुरको बन्ध्याकरण तथा आवश्यक खोपको व्यवस्था मिलाइने छ।

१७. पशुपन्छी सम्बन्धी विभिन्न किसिमका तथ्याङ्कहरु प्रभावकारी रुपमा संकलन गर्ने व्यवस्था मिलाइनेछ।

१८. पशु सेवा केन्द्रलाई बिस्तार र मालेबगरमा सञ्चालित पशु बधस्थल क्रमशः स्तरीकरण गर्दै लगिनेछ ।

१९. पशुपन्छी सम्बन्धी व्यवसाय प्रवर्द्धनका लागि संघ तथा प्रदेश सरकारसँगआवश्यक समन्वय गर्ने व्यवस्था मिलाइने छ ।

२०. महिला तथा अर्ध बेरोजगार र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि तथा पशु विकास व्यवसायमा आकर्षण गर्न प्रस्तावका आधारमा गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा पालनका लागि अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

## उद्योग /लघुउद्यम

२१. गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम र नगरपालिकाको संयुक्त साझेदारीमा नयाँ लघु उद्यमी सृजना गरी प्राविधिक सीप विकास, वित्तीय साक्षरता, बजारीकरणर प्रविधिमा पहुँच स्थापित गराइनेछ ।

२२. विगतका लघुउद्यमीहरुलाईलक्षित गरी स्तरोन्नतिका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

२३. रुग्ण तथा पुराना उद्यमीहरुलाई प्रविधिमा पहुँच स्थापित गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ।

२४. लघु उद्यमी तथा वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त जनशक्तिलाई निजको सीप-आधारित प्रस्तावको सम्बोधन हुनेगरी दिगो रोजगारी प्राप्ति गर्न तालिम तथा प्रोत्साहन प्रदान गरिनेछ ।

२५. स्थानीय युवा उद्यशील सीप विकास र रोजगारी प्रवर्द्धन गर्न युवा प्रतिभा तथा उद्यमीको पहिचान, प्रोत्साहन, प्रवर्द्धन र अभिलेख व्यवस्थापन गरिनेछ।

२६. उद्यमशीलता प्रवर्द्धन केन्द्र र इनोभेसन हव स्थापना गरीस्टार्ट अपर आइडिया विकासलाई प्रोत्साहन एवं समर्थन गरिनेछ।

## पर्यटन प्रवर्द्धनः

२७. नगरक्षेत्रमा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको प्रचारप्रसार साथै मौलिकता झल्कने गरी थप पूर्वाधार निर्माण गरिनेछ।

२८. स्याङ्जा बजारदेखि नजिक रहेका पर्यटकीय स्थलहरुमा पदयात्राको प्रवन्ध मिलाउन पैदलमार्ग निर्माण कार्य अगाडि बढाइनेछ।

२९. नगरपालिकामा रहेका साहसिक पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसार तथा पूर्वाधार निर्माण कार्य अगाडि बढाइनेछ।

३०. नगरपालिकामा हुने कृषि उत्पादनलाई कृषि पर्यटन साथै पर्या-पर्यटनको विकास गर्ने नीति अवलम्बन गरिनेछ।

३१. नगरपालिका भित्र रहेका सिद्धार्थ राजमार्ग छेउछाउका सडकमा प्रतीक्षालय, धारा, शौचालय तथा धार्मिक एवम् पर्यटकीय स्थानहरुमा पर्यटकहरुको सहज पहुँच र जानकारीका लागि पर्यटक आचारसंहिता सहितकासुचनामूलक साइन बोर्ड राख्ने प्रबन्ध मिलाइनेछ।

**सहकारी**

३२. सहकारी संस्थाहरूको संस्थागत सुशासन, पारदर्शिता र वित्तीय अनुशासनलाई प्रवर्द्धन गरिनेछ।

३३. सहकारी क्षेत्रमा देखिन सक्ने वित्तीय, संचालन तथा व्यवस्थापकीय जोखिमको समयमै पहिचान र व्यवस्थापन गरिनेछ।

३४. नियमित लेखापरीक्षण, निरीक्षण तथा अनुगमनलाई अनिवार्य गरी कानुनी पालना सुनिश्चित गरिनेछ।

३५. समस्याग्रस्त सहकारीहरूको प्रारम्भिक पहिचान, सुधार तथा पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ।

३६. सहकारी संस्थाका पदाधिकारी, कर्मचारी तथा सदस्यहरूको क्षमता विकास र वित्तीय साक्षरता अभिवृद्धिमा टेवा पुर्याइनेछ।

३७. सूचना प्रविधि-आधारित नियमन, प्रतिवेदन तथा अनुगमन प्रणालीलाई जोड दिइनेछ।

३८. सहकारी संस्थाहरूबीच स्वस्थ प्रतिस्पर्धा, सहकार्य र एकीकरणलाई आवश्यकतानुसार प्रोत्साहन गरिनेछ।

३९. सहकारी क्षेत्रलाई स्थानीय आर्थिक विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरणसँग आबद्ध गरिनेछ।

४०. नियमित रुपमा प्रगति पेश गर्न नसक्ने, न्यूनतम पूर्वाधार नै नभएका तथा संचालनमा आउन नसकेका निष्क्रिय सहकारी संस्थाहरुलाई खारेजीमा लैजाने प्रक्रिया अगाडि बढाइनेछ।

४१. स्वःघोषणाका आधारमा मर्जरका लागि निवेदन दिने सहकारी संस्थाहरुलाई गाभ्ने तथा एकीकरण गर्ने कार्यमा सहजीकरण गरिनेछ।

**श्रमतथारोजगार**

४२. वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित, सुरक्षित, भरपर्दो, पारदर्शी तथा सहज बनाउन व्यक्तिगत श्रम स्वीकृति र पुनः स्वीकृतिका लागि अनलाईन आवेदन एवं वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह/सम्प्रेषण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४३. वैदेशिक रोजगार बोर्डको सचिवालयबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यक्रम (स्वास्थ्य उपचार, अशक्त सहायता र मृत्यु भएको अवस्थामा) सहयोग पुग्ने कार्यलाई निरन्तरता दिइनेछ।

४४. रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४५. उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालनमा रोजगार कार्यक्रमसँग नगरपालिकाको शत प्रतिशत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

४६. कार्यस्थलमा हुने भेदभावलाई न्यूनीकरण गर्न श्रमको सम्मान सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४७. अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन पहल गरिने छ। उच्चशिक्षा हासिल गरेका स्थानीय युवालाई तोकिएबमोजिमको प्रक्रियामा संलग्न गराई शासकीय पद्धति, विकास निर्माण र सेवा प्रवाहमा अवसर प्रदान गर्न प्रयोगात्मक सिकाइको अवसर जुटाउने कार्यमा पहल एवं साझेदारी गरिनेछ ।

**सामाजिक विकास**
**शैक्षिक पूर्वाधार, प्रविधि नवप्रवर्तन युवा तथा खेलकुद**

४८. स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालयको भौतिक पूर्वाधार विकास गरिनेछ।

४९. विद्यालयहरूमा सूचना प्रविधिको बढ्दो प्रयोग र आर्टिफिसियल इन्टेलिजेन्सको लहरलाई ध्यानमा राख्दै नगरभित्रका शिक्षकहरूको वृत्तिविकास र क्षमता अभिवृद्धिका लागि"शिक्षकका लागि आइटीतथा आर्टिफिसियल इन्टेलिजेन्ससाक्षरता कार्यक्रम"सञ्चालन गरिनेछ।

५०. डिजिटल शिक्षण सिकाइ प्रणालीलाई प्रोत्साहन गर्न माध्यमिक विद्यालयहरूमास्मार्ट बोर्डको व्यवस्थापन, स्मार्ट क्लासरुमको प्रयोग, अनलाईन शिक्षण विधि र विद्यालय तहमा सुरक्षित इन्टरनेट प्रयोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५१. विज्ञान विषय प्रवर्द्धनका लागि छनौट भएका विद्यालयहरूलाई विशेष अनुदान उपलब्ध गराइनेछ।

५२. कक्षा(१-३)को एकीकृत पाठ्यक्रम सम्बन्धी शिक्षकहरूका लागि कष्टमाइज्ड तालिम सञ्चालन गरिनेछ।

५३. विद्यार्थीहरूका लागि खेलकुद, सिर्जनात्मक अभ्यास, योग, ध्यान तथा प्रतिभा प्रस्फुटनजस्ता क्रियाकलाप सञ्चालनका लागि अनुदान दिइनेछ।

५४. विद्यार्थीहरूको प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ। यसका लागि"पुतलीबजार शिक्षक/विद्यार्थी ट्यालेन्ट शोप्रतियोगिता संचालन कार्यविधि बनाई कार्यक्रम सञ्चालन गरिनेछ।

५५. विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।विषयगत समितिका प्रश्नपत्र निर्माणकर्ताका लागि उपयुक्त पारिश्रमिकको व्यवस्था गरिनेछ।

५६. विद्यालय कर्मचारी र बालविकास सहजकर्ताको पारिश्रमिकमा नगरपालिकाले थप गर्दैआएको अनुदानलाई निरन्तरता दिइनेछ।

५७. विद्यार्थीहरूलाई दिवा खाजामा नगरपालिकाबाट प्रदान गरिएको थप अनुदानलाई निरन्तरता दिइनेछ।

पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

५८. यस नगरपालिकाभित्र स्थायी बसोबास भएका गरीब तथा जेहेन्दार विद्यार्थीहरूलाई सम्बन्धित वडाको सिफारिसमा उपलब्ध गराइएको प्राविधिक शिक्षामा वार्षिक शिक्षण शुल्ककोपचास प्रतिशत छात्रवृत्तिअनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५९. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरी विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भर्ना र सिकाइ निरन्तरता सुनिश्चित गरिनेछ।

६०. विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थी र अन्य योग्य विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरिनेछ।

६१. महिनावारीको कारण विद्यालयमा छात्राहरूलाई पर्ने असहज परिस्थितिको निराकरण गरी पढाइमा निरन्तरता दिन तथा विद्यालय छाड्ने दर शून्यमा झार्न सामुदायिक विद्यालयका छात्राहरूलाई विद्यार्थी सङ्ख्याको आधारमा निःशुल्क स्यानिटरी प्याड उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

६२. विद्यार्थी मनोसामाजिक परामर्शतथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

६३. राष्ट्रिय परीक्षा बोर्डको मार्गदर्शन र मापदण्ड बमोजिम कक्षा ५ र ८ को परीक्षा व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

६४. सामुदायिक विद्यालयहरूलाई विद्यालय सुधार योजनानिर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण, लेखा परीक्षण र बुलेटिन प्रकाशनका लागि अनुदान दिइनेछ।

६५. निजी क्षेत्रको शैक्षिक लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउँदै लगिनेछ र निजी क्षेत्रको शैक्षिक योगदानको उच्च कदर गरिनेछ।

६६. संस्थागत (निजी) विद्यालयहरूलाई नगरपालिकाद्वारा सञ्चालन गरिने हरेक शैक्षिक तथाअतिरिक्त क्रियाकलापमा संलग्न गराइनेछ।

६७. संस्थागत र सामुदायिक विद्यालयहरूबीच असल अभ्यासहरू आदानप्रदान र अनुसरण गर्ने व्यवस्था मिलाइनेछ।

६८. विद्यालयकाप्रधानाध्यापकहरू सम्मिलित"घुम्ती प्रधानाध्यापक बैठक"सञ्चालनमा ल्याइनेछ।

६९. सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन अनुदानलाई निरन्तरता दिइनेछ। यसरी दिइने अनुदानसम्बन्धित सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन बाहेक अन्य कार्यमा खर्च भएको पाइएमा अनुदान रोक्का एवम् कटौती गरिने छ।

७०. माध्यमिक तहमा दरबन्दी कम भएका विद्यालयहरूलाईउपलब्ध गराइएको शिक्षण सहयोग अनुदान निरन्तरता दिइनेछ।

७१. विद्यालय सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनसञ्चालन तथा व्यवस्थापनलाई अनुदानमा वृद्धि गरिनेछ।

७२. मदर्शा, गुरुकुल र बहिरा विद्यालयलाई नगरबाट प्रदान गरिँदै आएको व्यवस्थापन अनुदानलाई निरन्तरता दिइने छ।

७३. मदर्शा, गुरुकुल र बहिरा विद्यालयलाई वडा कार्यालयबाट समेत बजेट व्यवस्थापन भएको पाइएमा दोहोरोपन रोक्न नगरपालिका स्तरीय अनुदान कटौती गरिनेछ।

७४. खेलकुदको विकासका लागि राष्ट्रपति रनिङशिल्ड तथा मेयर कप प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिइनेछ।

७५. विभिन्न सङ्घ-संस्थार क्लबहरूको संयोजनमा हुने खेलकुद प्रतियोगिताहरूमा सहयोग र समन्वय गरिनेछ।

७६. पुतलीबजार नगर प्रज्ञा—प्रतिष्ठानलाई नगरको कला, साहित्य र संस्कृति संरक्षणका कार्यक्रमलाई निरन्तरता दिइने छ।

**स्वास्थ्य**

७७. पालिका भित्रका सम्पूर्ण बालबालिकालाई तोकिए बमोजिमको खोप सुनिश्चितताका लागि आवश्यक पर्ने व्यवस्था मिलाइनेछ।

७८. पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणालाई निरन्तर कायम राख्न आवश्यक प्रवन्ध गरिनेछ।

७९. स्वास्थ्य संस्थाबाट प्रदान गरिने सम्पूर्ण सेवालाई डिजिटलाईज गर्दै लागिनेछ।

८०. पुतलीबजार नगरपालिका वडा नं. १भित्र स्थापना भएको स्वास्थ्य प्रयोगशालालाईनियमितसंचालनको व्यवस्था मिलाइनेछ।

८१. पालिका भित्र रहेका निजी स्वास्थ्य संस्थाहरुलाई दर्ता प्रक्रियाको दायरामा ल्याउने व्यवस्था मिलाइनेछ ।

८२. नसर्ने रोगको वृद्धिको विद्यमान अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य शिविर संचालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

८३. नगरप्रमुखसँग लक्षित वर्ग निःशुल्कस्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८४. नगरप्रमुखसँग जेष्ठ नागरिक उपचार कार्यक्रमलाई निरन्तरता दिइने छ।

८५. उपमेयरसँग सुत्केरी आमा पोषिलो खाना कार्यक्रमलाई निरन्तरता दिइने छ।

८६. गर्भवती तथा सुत्केरी आमाहरुको आकस्मिक पोषण सेवालाई व्यवस्थापन गरिने छ।

८७. पोषणको अवस्थालाई सुधार ल्याउन संचालित कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

८८. प्रत्येक ६/६ महिनामा पालिका भित्रका सबै विद्यालयका विद्यार्थीहरुलाई जुकाको औषधी खुवाउने कार्यलाई निरन्तरता दिइनेछ ।

८९. दश देखि उन्नाइस वर्षका किशोरीहरुलाईआइरन फोलिक एसिडखुवाउने कार्यलाई निरन्तरता दिइने छ।

९०. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ।

९१. पूर्ण पोषणयुक्त स्वास्थ्य संस्था हुँदै पूर्ण पोषणयुक्त पालिका घोषणाकार्यक्रमलाई अगाडि बढाइने छ।

९२. किशोर किशोरीमैत्री स्वास्थ्य संस्था हुँदै पूर्ण पोषणयुक्त पालिका घोषणा गरिने कार्यक्रमलाई अगाडि बढाइने छ।

९३. विभिन्न संघ संस्थाहरुसँगको समन्वय र साझेदारीमा स्वास्थ्य शिविरहरु संचालन गरीनागरिकको निःशुल्क उपचारको व्यवस्था तथा क्षयरोग स्क्रिनिङ् शिविर र महिलाहरुका लागि स्तन तथा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङशिविर कार्यक्रमलाई निरन्तरता दिइने छ।

९४. प्रजनन स्वास्थ्यलाई विशेष रुपमा सुरक्षित गर्भपतन लगायतका सेवालाई सुरक्षितसर्वसुलभ र पहुँचयोग्य बनाउन सेवाकेन्द्रको संख्यालाई थप गर्न र दक्षजनशक्तिको व्यवस्थापन तालिम तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धीकार्यक्रमलाई विशेष ध्यान दिइनेछ।

९५. घरमा हुने सुत्केरीलाई निरुत्साहित गरिने छ र शून्य घर सुत्केरीको अवस्थालाईअभियानका रुपमा अगाडिबढाइने छ।

९६. पालिका भित्र रहेका सम्पूर्ण महिला स्वास्थ्य स्वयम् सेविकाको कार्यको सम्मानगर्दै स्वास्थ्य बीमामा लाग्ने शुल्कमा नगरपालिकाबाट पचास प्रतिशत निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइने छ।

९७. खानेपानीको योजना निर्माणसँगै गुणस्तरकायम गर्न पानीको नमुना परीक्षण र सुधार कार्यलाई निरन्तरता दिइनेछ।

९८. वृद्ध तथा जेष्ठ नागरिकलाई घर दैलोमा स्वास्थ्य परीक्षण सेवाको लागि आवश्यक व्यवस्था मिलाइने छ।

### महिला, बालबालिका तथा जेष्ठ नागरिक

९९. स्थानीय महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, किसान, द्वन्द पीडित, श्रमिक, उत्पीडित वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आर्थिकरुपले विपन्न, खस आर्यको संरक्षण, सशक्तीकरण वा मुलप्रवाहीकरणका लागि आगामी वर्षमा पेश हुने उच्चतम् महत्वको प्रस्तावहरुलाई अध्ययन एवं प्राथमिकता दिइ कार्यान्वयनमा ल्याइनेछ। साथै उल्लेखित पक्षको अभिलेखीकरण र सामाजिक, आर्थिक उत्थान सम्बन्धी कार्य गर्न संस्थागत संयन्त्र गठन तथा परिचालन गरिनेछ।

१००. महिला बालबालिकालगायत लक्षित वर्ग सम्बन्धमा नेपाल पक्ष राष्ट्र भई गरिएका सन्धि सम्झौता तथा प्रतिवद्धता कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

१०१. स्वरोजगार हुन चाहने अपाङ्गता परिचयपत्र प्राप्त व्यक्ति वा निजको परिवार, दलित महिला, द्वन्द्व पीडित र गरिब तथा विपन्न परिवारलाई सीपमूलक तथा आय आर्जन कार्यक्रममा प्राथमिकता दिइनेछ।

१०२. जलवायु परिवर्तनको प्रभावले सृजित समस्या तथा विपद् पछिको राहत उद्धार र पुनर्स्थापनामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति,ज्येष्ठ नागरिक तथा बञ्चितिमा परेको समुदायलाई प्राथमिकता दिइनेछ।

१०३. नगरपालिका तथा गैर सरकारी संस्था,नागरिक समाज, आमा समूहर टोल विकास संस्थाको साझेदारीमा विकास व्यवस्थापन, विपद् व्यवस्थापन तथा हिंसारहित समाज निर्माण गर्ने कार्यमा निरन्तरता दिइनेछ।

१०४. अभिभावकएवम् संरक्षक विहीन बालबालिकाको पुनःस्थापना तथा वैकल्पिक हेरचाहको व्यवस्थापन गर्ने कार्यमा सहयोग एवं सहजीकरण गरिनेछ।

१०५. बालश्रममुक्त वडा एवं बाल श्रममुक्त पालिका घोषणाको लागि सचेतना कार्यक्रम संचालनगरिनेछ।

१०६. बालश्रम तथा सडकबालबालिका मुक्त नगरपालिका घोषणा, बालमैत्री स्थानीय तह घोषणाका सूचकहरुलाई पूरा गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१०७. अति अशक्त अपांगता भएका व्यक्तिहरुको स्याहार सुसारका लागि संरक्षकलाई उपलब्ध गराउँदै आएको पूर्ण असक्त अपाङ्गता भएका व्यक्तिहरुको स्याहार सुसारे सहायतालाई निरन्तरता दिइनेछ ।

१०८. अपाङ्गता भएका व्यक्तिहरुको मूलप्रवाहीकरणको लागि विशेष पहल गरिनेछ, साथै भवन तथा नक्सा पास गर्दा निर्माण हुने नयाँ संरचना अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।

१०९. जेष्ठ नागरिकलाई अमुल्य निधिको रुपमा स्वीकार गरी विकसित संस्कार, अनुभव र ज्ञानको नयाँ पुस्तामा पुस्तान्तरण तथा संस्थागत गर्न आवश्यक पहल गरिनेछ।

११०. सबै वडाहरुबाट ज्येष्ठ नागरिकको पारदर्शी लगत संकलन गरी ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

### खानेपानीतथासरसफाइ

१११. खानेपानी तथा सरसफाइ सेवामा समुदाय, उपभोक्ता समिति र निजी क्षेत्रको सहकार्यलाई संस्थागत गर्दै उत्तरदायी सेवा प्रणाली विकास गरिनेछ ।

११२. प्लाष्टिक तथा अन्य प्रदुषणबाट जलश्रोत संरक्षण गर्न स्रोतमै फोहोर व्यवस्थापन र जनचेतना कार्यक्रम तथा आँधिखोला र अन्य नदीनाला सफाइ अभियानमा जोड दिई जलचर लगायतका जैविक विविधता संरक्षण र संवर्द्धनका कृयाकलाप सञ्चालन गरिनेछ।

११३. "स्वच्छ पानी र सफा बस्ती, समृद्ध पुतलीबजारको सच्चा दृष्टि" भन्ने नारालाई चरितार्थ पार्न एनवासतथा सरोकारवाला निकायहरुसँग साझेदारी र समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

११४. पानीको सुरक्षा तथासंरक्षण र पुस्तौंको समृद्धिलाई ध्यान दिई पानीको मुहान संरक्षण कार्यलाईप्रथमिकता दिइनेछ।

### संस्कृति संरक्षण

११५. स्थानीय भाषा, कला, साहित्य, संस्कृति, भेषभूषा, रीतिरिवाज तथा मौलिक परम्पराको संरक्षण, संवर्द्धन र पुस्तान्तरणलाई प्राथिमिकता दिइनेछ ।

११६. "संस्कृति बचाऔं, सभ्यता जोगाऔं"भन्ने मूल मर्मलाई आत्मसाथ गर्दै स्थानीय कलाकार, स्रष्टा, साहित्यकार तथा सांस्कृतिक/धार्मिक संस्थाहरुको क्षमता विकास, सम्मान र प्रोत्साहन गरिनेछ ।

११७. ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण, प्रवर्द्धन र जीर्णोद्धार गरी सम्पदाहरुको गतिशीलतामा टेवा पुर्याइनेछ ।

११८. सयौं वर्ष पुराना व्यक्तिगत, निजी र सार्वजनिक सम्पत्ति हरुको संरक्षण र संवर्द्धन गरिनेछ ।

११९. ललितकला, चित्रकला र हस्तकलाका प्रतिभाहरुलाई विशेष प्रोत्साहन गरिनेछ।यस क्षेत्रका उत्पादनलाईव्यवसायीकरण तथा बजारीकरण एवं सरकारी उपयोगमा ल्याउन प्राथमिकता दिनेछ ।

१२०. घरेलु उत्पादन बाहेकका खादा,प्लाष्टिकजन्य माला उपयोगमा ल्याउन निरुत्साहित गरिनेछ।

१२१."घरमै अतिथि, गाउँमै समृद्धि"भन्ने नाराका साथ नगरपालिका भित्रका स्थानीय उत्पादनमा आधारित होमस्टेलाई विशेष प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न संघ तथा प्रदेश सरकारसँग विशेष पहल गरिनेछ।

१२२.वैदिक कर्म, ज्ञान, भक्ति र योगको उच्च आदर्श बोकेका मठ,मन्दिर,गुम्बा, मस्जिद, चर्च, समिति, संस्थालगायतबाट प्रवाह हुने उच्च दर्शन, साधना, सत्सङ, भगवतीय प्रेम र सामाजिक सेवाका कार्यबाट नागरिकको शान्ति र आनन्द तथा लक्ष्य प्राप्तिको मार्गमा गतिशीलताप्रदान गर्न पहल गरिने छ।

१२३.नगर क्षेत्रभित्र धार्मिक पर्यटकीय करिडोर एवं पूर्वाधार निर्माणका लागि विशेष पहल गरी हाइयर सिभिलाईजेसनकोकनेक्टीभिटी नागरिकको मस्तिष्कमाजागरण पैदा गर्न विशेष प्रोत्साहन गरिनेछ।

## भौतिक पूर्वाधार विकास

### भौतिक पूर्वाधार

१२४.नगरपालिका स्तरीय गौरवका आयोजनाहरु साथै अधुरा आयोजनाहरुलाई प्राथमिकता दिंदै गुणस्तरीय निर्माण कार्य अगाडि बढाइने छ।

१२५.आगामी आर्थिक वर्षमा छनौट भएका योजनाहरुको वार्षिक खरिद योजना बनाई कार्यान्वयन गरिनेछ।

१२६.नगरपालिकाको आवधिक पञ्चवर्षीय योजना निर्माण गरी राष्ट्रिय र प्रादेशिक योजनासँग तादात्म्यता कायम हुने गरी अध्यावधिक गरिनेछ।

१२७.नगरपालिकाको मध्यमकालीन खर्च संरचना,आर्थिक सर्वेक्षणर आयोजना बैंक तयार गरिनेछ।

१२८.नगरपालिकाको क्षमता भन्दा बढी लागत अनुमान भएका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आवश्यकता अनुसार संघ तथा प्रदेश सरकारसँगको समन्वयमा स्रोत व्यवस्थापन गरी निर्माण कार्य अगाडि बढाइनेछ।

१२९.नगरपालिका भित्र संरचनाहरु निर्माण गर्दा स्थानीय श्रोत तथा साधनहरुको उच्चतम प्रयोगलाई जोड दिइनेछ।

१३०.उपभोक्ता समिति मार्फत संचालित योजनाहरु सम्झौता देखि फरफारक सम्मका कार्यलाई अझ सहज र सरल बनाउन सफ्टवेयर अपग्रेड गरी सम्पूर्ण प्रक्रिया वडाबाट मिलाउने व्यवस्था गरिनेछ।

१३१.उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुमा नागरिक सहभागिता, पारदर्शिता, जवाफदेहिता र गुणस्तरियता कायम गर्न तथा समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिको क्षमता विकास गरिनेछ।

१३२.उपभोक्ता समितिको तर्फबाट हुने लागत सहभागितालाई प्राथमिकता दिइनेछ।धेरै लागत सहभागिता गर्ने उपभोक्ता समिति र सम्बन्धित टोललाई योजना छनौटमा प्राथमिकता दिइनेछ।

१३३.निर्मित पूर्वाधारहरुको संरक्षण, मर्मत-सम्भार तथा दिगो व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

१३४. विकास निर्माणका कार्यहरु संचालन गर्दा लक्ष्य, उद्देश्य तथा श्रोतको सही प्रयोग भए/नभएको पहिचान गरी सार्वजनिक एवम् सरकारी साधन स्रोतकोसही सदुपयोगका लागिनियमित अनुगमन तथा मूल्यांकनलाई विशेष प्राथमिकता दिइनेछ।

१३५. नगरपालिकाबाट संचालन हुनेयोजनाहरुको प्रकृतिअनुसारप्रयोगशालाबाट गुणस्तर जाँच पास गराए पछि मात्रभुक्तानीसिफारिस गरिने छ।

१३६. दिगो, सुरक्षित, गुणस्तरीय तथा वातावरणमैत्री भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।

१३७. स्थानीय स्रोत, सीप र प्रविधिको उपयोग गरी रोजगारमूलक पूर्वाधार विकासलाई अवलम्बन गरिनेछ।

## भवन, आवास बस्ती तथा शहरी विकास

१३८. वडा नं. ४ को वडा कार्यालय भवन तथा वडा नं ८ र १३ मा निर्माणाधीन स्वास्थ्य चौकी भवनको निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरी संचालनमा ल्याइनेछ।

१३९. सेवाग्राहीहरुलाई सहज सेवा प्रवाहका लागि नगरपालिका भवनको कम्पाउन्ड, वडा कार्यालय भवन र स्वास्थ्य चौकीहरुको आवश्यकता अनुसार नयाँ निर्माण तथा मर्मत-सम्भार गरिनेछ।

१४०. नगरपालिका भित्रका विद्यालय भवनहरुको आवश्यकताका आधारमा मर्मत सम्भार गर्दै लगिनेछ।

१४१. नयाँ निर्माण हुने भवनहरु अपांगमैत्री, बालवालिका मैत्री र महिला मैत्री बनाइनेछ।

१४२. नक्सापास कार्यलाई विद्युतीय माध्यमबाट सेवाग्राहीलाई सहजता दिनेहिसाबले घर नक्सासम्बन्धी कार्य गर्न सफ्टवेयरमा परिमार्जन तथा अपग्रेड गरिनेछ।

१४३. नगरपालिका भित्र निर्माण हुने मठ-मन्दिरहरु सिमेन्टजन्य निर्माणकार्यलाई न्यूनीकरण गरी पुरातत्व झल्किने चुना-सुर्खी, इट्टा, सालको काठ, तामाको छानो आदिको प्रयोग गरी निर्माण गर्न जोड दिइनेछ।

१४४. नगरपालिकाको स्वामित्वमा रहेका भवन तथा अन्य संरचनाहरुको व्यवस्थापनका लागि आवश्यक कार्यविधि तथा मापदण्ड स्वीकृत गरी कार्यान्वयन गरिनेछ।

१४५. नगरपालिका भित्र घर निर्माण एवम् अभिलेखीकरण कार्यलाई सहज र व्यवस्थित बनाउनुका साथै सुरक्षित भवन निर्माण गर्नका लागि राष्ट्रिय भवन संहिता अनुरुप भवन मापदण्ड प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१४६. सरकारी तथा गैरसरकारी भवनहरु साथै वित्तीय संस्थाहरुको अभिलेखीकरणका लागि आवश्यक पहल गरिनेछ।

१४७. सहरी सौन्दर्यका लागि एक घर एक फलफुल विरुवा तथा एक वडा एक हरियाली पार्क निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१४८. भूमिको दिगो उपयोग, व्यवस्थित शहरीकरण तथा कृषि भूमि संरक्षणका लागि वैज्ञानिक भू-वर्गीकरण प्रणाली लागु गरिनेछ।

१४९. भू-वर्गीकरणको आधारमा कृषि, आवास, औद्योगिक तथा सार्वजनिक उपयोगको क्षेत्र व्यवस्थापन र नियमन गरिनेछ।

## सडक, पुल तथा यातायात

१५०. नगरपालिका भित्र अत्यावश्यक भएका स्थान बाहेक जथाभावी नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै लगिनेछ।

१५१. आर्थिक, प्राविधिक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका स्थानमा मात्र नयाँ ट्र्याक खोल्ने अनुमति दिइनेछ।

१५२. सडक यातायात सुरक्षित, भरपर्दो बनाउन तथा रात्रिकालीन सुरक्षा समेतलाई दृष्टिगत गरी सिसि क्यामेरा जडान नभएको क्षेत्रमा सिसि क्यामेरा जडान तथा मर्मत सम्भार गर्ने कार्य जिल्लास्तरीय सुरक्षा निकायसँगको सहकार्य समन्वयमा अगाडि बढाइने छ।

१५३. नगरपालिका भित्र हाल संचालनमा रहेका सडकहरुमा नाला तथा कल्भर्टको व्यवस्था गरी ग्रामीण सडकको स्तरोन्नति गर्दै लगिनेछ।

१५४. नगरपालिका अन्तर्गतका सार्वजनिक सवारी साधन चल्ने  सडक मर्मत-सम्भार गरी नियमित संचालन गर्ने प्रबन्ध मिलाइने छ।

१५५. सडक निर्माणमा बजेट विनियोजन गर्दा सडकको मापदण्ड पुग्ने सडकलाई विशेष प्राथिमिकतामा राखी स्तरोन्नति गर्दै लगिनेछ।

१५६. वडा कार्यालय तथा स्वास्थ्य चौकी सम्म पुग्ने सडकहरुमा नागरिकहरुको सहज पहुँचका लागि सो सडकलाई पक्की सडकको रुपमा निर्माण गर्ने कार्य अगाडि बढाइनेछ।

१५७. सडक निर्माण गर्दा दिगो तथा वातावरण मैत्री बनाउन पहल गरिनेछ।

१५८. सडक योजनाहरुको ठेक्कामा विनियोजित बजेटको तीन रकम बायो इन्जिनियरिङ्ग कार्यमा खर्च गरिनेछ।

१५९. नगरपालिका भित्र निर्माण गर्नुपर्ने सडक, पुल, झोलुंगेपुलको आवश्यकता पहिचान गरी निर्माण प्रक्रिया अगाडि बढाउन पहल गरिनेछ।

१६०. पुतलीबजार नगरपालिका भित्र रहेका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुमा यातायातको सहज पहुँचका लागि सडक स्तरोन्नति कार्य अगाडि बढाइने छ।

१६१. नगर क्षेत्र भित्रका सडकहरुको लगत कट्टा गर्ने कार्यलाईसरोकारवालासँगकोसमन्वय र सहकार्यमा अगाडि बढाइनेछ।

### जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा

१६२. सार्वजनिक स्थल, बजार, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुमा आवश्यकताको आधारमा सडक बत्तीरसिसी क्यामेरा जडान गर्नेकार्यलाई निरन्तरता दिइने छ।

१६३. स्थानीय सरोकारवाला र टोल विकास संस्थासँग समन्वय गरी विद्युतीय प्रसारण लाईन वरपर रहेका रुख बिरुवाहरु हटाउन पहल गरिनेछ।

१६४. नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा नगर क्षेत्रभित्रका अव्यवस्थित रुपमा रहेका टेलिफोन तार तथा अन्य विद्युतीय तारहरु हटाइ बजारको सौन्दर्यता बढाउने कार्य अगाडि बढाउन पहल गरिनेछ।

### सूचना तथा संचार

१६५. नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवामा सुशासन, जवाफदेहिता तथा पारदर्शिताको प्रत्याभूति गराउन पालिकाका गतिविधिहरुलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ।

१६६. नगरपालिकाको सूचना सम्प्रेषणको लागि आधिकारिक फेसबुक, वेबसाइट तथा मोबाइल एपको प्रयोग गरिदै आएकोमा यसका अतिरिक्त अन्य प्रभावकारी र सहज माध्यमहरुको पहिचान गरी प्रयोग गरिनेछ।

१६७. नगरपालिकाको सूचना र समाचारहरु नागरिक तथा सम्बन्धित सरोकारवाला समक्षतत्काल जानकारी दिन अत्याधुनिक माध्यमको प्रयोग गरी सूचना एवम् जानकारी प्रवाहगरिनेछ।

१६८. नगरपालिकामा तथ्यांक संकलन, प्रशोधन र भण्डारणका लागि सूचना प्रविधि शाखालाई तथ्यांक प्रविष्टि डेस्कको रुपमा विकास गरी सुदृढ स्थानीय तथ्यांक प्रणाली विकास गरिनेछ।

१६९. डिजिटल प्रोफाइलमा नगरपालिकाको वस्तुगत विवरण आवद्ध गरी अद्यावधिक गर्दैवास्तविक समयको तथ्याङ्क राख्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ।

१७०. सूचना प्रविधि सम्बन्धी सीप र ज्ञान अभिवृद्धि गर्नको लागि जनप्रतिनिधि, कर्मचारी तथा विद्यार्थीहरुलाई तालिम तथा अभिमुखीकरण गरिनेछ।

१७१. नगरपालिकामा विद्यमान डिजिटल डिभाइड न्यूनीकरण गर्ने र सेवा तथा सूचनाहरुमा सर्वसाधारणको समान पहुँच वृद्धि गर्न नेपाल टेलिकमतथा अन्य सेवा प्रदायकहरुसँग सहकार्य गरिने छ।

१७२. नगरपालिकामा शान्ति सु-व्यवस्था र सुरक्षाका लागि विगतमा जडान गरिएका सिसिटिभी क्यामेराको प्रयोगको नियमित अनुगमन गरिनेछ।

१७३. साइबर सुरक्षातथा साइबर अपराधजस्ता संवेदनशील विषयमा नगरवासीहरुलाईजानकारी गराउनसुरक्षा निकाय सँगको सहकार्यमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

१७४. नगरपालिकामा सम्पन्न योजना तथा कार्यक्रमहरु भौगोलिक सूचना प्रणालीमा आधारित दृश्यात्मक तथ्याङ्क संकलन र भण्डारण गर्न पहल गरिनेछ।

१७५. नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको जानकारी सम्प्रेषणको लागि पालिकाको वेबसाइटमा आर्टिफिसियल इन्टेलिजेन्समा आधारित स्वचालित संवाद प्रणालीजडान गर्न पहल गरिनेछ।

१७६. सुझाव संकलन तथा गुनासो व्यवस्थापन गर्नको लागि वेबसाइटमा रहेको गुनासो व्यवस्थापन प्रणालीको प्रचार प्रसार गरिनेछ।

१७७. 'सूचना प्रवाहमा तीव्रता, सेवा प्रवाहमा उत्कृष्टता'को मूल्य  मान्यतामा रहीसञ्चार माध्यम तथा सूचना प्रवाह प्रणालीलाई सुदृढ र जिम्मेवार बनाउन जोड दिइनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

१७८. विपद् जोखिम न्यूनीकरण तथा राहतका लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

१७९. वन तथा वातावरणसँग सम्बन्धित कार्यहरुलाई विभिन्न साझेदार संस्थाहरुसँग सहकार्य गरी कार्यान्वयन गरिनेछ ।

१८०. दिगो विकास लक्ष्यको लक्ष्य नं.१३ अनुसार जलवायू परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न क्षमता अभिवृद्धि कार्यक्रम संचालनका साथै स्थानीय अनुकूलन कार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।

१८१. फोहोरमैलाको दिगो व्यवस्थापनको लागि स्थलगत, अध्ययन, अनुसन्धान गरी उचित स्थलको पहिचान गर्ने र पहिचान गरिएको स्थललाई आधुनिक प्रविधिमैत्री बनाउँदै जन-स्वास्थ्यमा असर पर्न नदिनका लागि विशेष जोड दिइने छ।

१८२. वातावरण संरक्षणका लागि कार्यस्थलमै फोहोर व्यवस्थापन तथा सेग्रिगेशन तालिम, सार्वजनिक सवारी साधनहरुमा सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम, घरभित्रको फोहोर व्यवस्था अन्तर्गत जैविक/अजैविक गरी छुट्टाछुट्टै वर्गीकरण गर्ने, फोहोर न्यूनीकरणका लागि जैविक फोहोरबाट कम्पोष्ट मल बनाई कौसीखेती प्रर्वद्धन गर्न जोड दिनेतथा अत्यावश्यक क्षेत्रको वातावरणीय अध्ययनजस्ता कार्यहरु संचालन गरिनेछ।

१८३. शहरी क्षेत्रमा फोहोरमैला व्यवस्थापनका लागि टोल विकास संस्था परिचालन बापत टोल विकास संस्थाले संकलन गरेको फोहोरमैला शुल्कमध्येबाट टोलविकास संस्थाहरुलाई प्रदान गर्दै आएको २५ प्रतिशत अनुदान रकमलाई निरन्तरता दिइनेछ।

१८४. टोल विकास संस्थाले फिर्ता प्राप्त गर्ने २५ प्रतिशत अनुदानरकमबाट सम्बन्धित टोल विकास संस्थाले फोहरमैला व्यवस्थापनका कार्यमा खर्च गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै टोल विकास संस्थामार्फत गरिने खर्चको नियमित अनुगमन नगरपालिकाबाट गरिनेछ।

१८५. नगरपालिकामा गठित टोल विकास संस्थाहरु दर्ता तथा स्थायी स्थायी लेखा नम्बर प्राप्त गर्नका लागि आवश्यक सहजीकरण गरिने छ।

१८६. सामुदायिक, कबुलियती तथा निजीवनको प्रभावकारी व्यवस्थापन र वनजन्य उद्यम विकासलाई प्रोत्साहन गरिनेछ।

१८७. वन डढेलो, अबैध कटानी तथा वन अतिक्रम नियन्त्रणका लागि समूदायमा आधारित निगरानी प्रणाली सुदृढ गरिने छ।

१८८. कार्वन न्यूनीकरण तथा जलवायु अनुकुलनलाईप्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१८९. वडा स्तरमा गठित स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय र जिम्मेवार बनाइनेछ, विपद् पूर्व र पछिको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक श्रोत साधनको प्रवन्ध मिलाइने छ ।

१९०. विपद् बाट प्रभावित संरचनाहरुको पुनः निर्माणतथा व्यवस्थापन कार्यलाई संघ प्रदेश सरकारसँगको समन्वयमा उच्च प्रथामिकता दिइ अगाडि बढाइने छ।

१९१. नगर सफाइकेन्द्रमा कार्यरत कर्मचारीहरुको निशुल्क स्वास्थ बीमा र टि.टि. खोप लगाइने कार्यलाईनिरन्तरता दिइनेछ साथै उक्त क्षेत्रमा कार्य गरे बापत जोखिम संवेदनशीलताका आधारमा प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

१९२. आगलागी तथा अन्य विपद् बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न प्रभावकारी द्रुत र भरपर्दो बारुणयन्त्र सेवा सञ्चालनका लागि छिमेकी पालिकासँग समेत सहकार्य गरिनेछ ।

### संस्थागत सुशासन तथा सेवा प्रवाह

### सुशासन क्षेत्र तर्फ :

१९३. नगरपालिकाबाट विगत पाँच वर्षमा सम्पादन भए गरेका कार्यहरुको अभिलेखीकरण गर्न महत्वपूर्ण विषयवस्तु र गतिविधि समेटिएको पार्श्वचित्र निर्माण गरिने छ।

१९४. नगरपालिकामा पारदर्शिता, जवाफदेहिता, सहभागिता र विधिको शासनका सिद्धान्तलाई संस्थागत गरिनेछ।

१९५. सार्वजनिक स्रोत, साधन र बजेटको मितव्ययी,प्रभावकारी तथा परिणाममुखी उपयोग सुनिश्चित गरिनेछ।

१९६. भ्रष्टाचार नियन्त्रण, सदाचार प्रवर्द्धन तथासार्वजनिक उत्तरदायित्व अभिवृद्धिलाई प्राथमिकता दिइनेछ।

१९७. नागरिकको प्रत्यक्ष संलग्नता रहने सुशासनका औजारहरु सार्वजनिक परीक्षण, सामाजिक परीक्षण,सार्वजनिक सुनुवाइलाई थप प्रभावकारिता बनाइनेछ।

१९८. स्रोतको प्राथमिकीकरण गरी सार्वजनिक खर्चमा विनियोजन कुशलता र कार्यान्वयन दक्षता वृद्धि गरिनेछ।

१९९. लेखापरीक्षणलाई वस्तुपरक र विश्वसनीय बनाई आर्थिक अनुशासन तथा वित्तीय जवाफदेहिता सुदृढ गर्न बेरुजु फर्छ्यौट कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ।

२००. साइबर सुरक्षातथा साइबर अपराधजस्ता संवेदनशील विषयमा नगरवासीहरुलाई सचेतनामूलक कार्यक्रम मार्फत आवश्यक जानकारीको सम्प्रेषण गरिनेछ।

२०१. कर्मचारीमैत्री कार्य वातावरण, पारदर्शी व्यवस्थापन र सहभागितामूलक निर्णय प्रक्रियालाईप्रवर्द्धन गर्दै कर्मचारीलाई सम्मान, क्षमता विकास तथा वृत्ति विकासका अवसरहरु प्रदान गरिनेछ।

पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

संस्थागत विकास

२०२. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धिका लागि मानव संसाधन विकास, सँगठन तथा व्यवस्थापन एवम् सूचना प्रविधिको उपयोगलाई सुदृढ बनाइनेछ।

२०३. निर्वाचित जनप्रतिनिधितथा कार्यरतकर्मचारीहरूकोक्षमता विकासर व्यावसायिक दक्षता अभिवृद्धि तथा संस्थागत क्षमता विकासलाई निरन्तरता दिइनेछ।

२०४. कर्मचारी प्रशासनलाई चुस्त परिणाममुखी र व्यावसायिक बनाउन कार्यसम्पादन सुधारमाजोड दिइनेछ साथै कर्मचारीसँग गरिने कार्यसम्पादन सम्झौतालाई वस्तुनिष्ठ र मापनयोग्य बनाइनेछ ।

२०५. तथ्यमा आधारित योजना, निर्णय तथा अनुगमन प्रणालीलाई संस्थागत गरिनेछ।

२०६. अन्तरनिकाय समन्वय, साझेदारी तथा सहकार्यलाई प्रवर्द्धन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।

२०७. खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र विकासमैत्री बनाइनेछ। खरिद योजना तथा गुरुयोजना बनाई लागु गरिनेछ।

२०८. बजार अनुगमनलाई थप प्रभावकारी तुल्याउन बहु-सरोकारवाला निकायसहितको विशिष्टीकृत बजार अनुगमन संयन्त्र परिचालन गरिनेछ र उपभोक्ता सचेतीकरण अभियान सञ्चालन गरिनेछ ।

२०९. युवा जनशक्ति परिचालन र क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२१०. दिगो विकासका लागि निर्धारित गरिएका लक्ष्यहरु, आवधिक योजनाका लक्ष्य तथा उदेश्यहरु, संघीय तथा प्रादेशिक सरकारका मार्गदर्शनहरुको स्थानीयकरण गर्दै लगिनेछ ।

२११. स्थानीय तहमा समायोजन भई आएका कर्मचारीहरुको अनिवार्य दायित्व तथा सेवा निवृत्त सुविधालाई संस्थागत रुपमा सुनिश्चित गरिनेछ ।

२१२. नगरभित्रका मेलमिलाप केन्द्रका संस्थागत विकासका साथै मेलमिलापकर्ताहरुको क्षमता विकास गर्दै लगिनेछ ।

२१३. स्थानीय रेडियो र टेलिभिजन मार्फत नगरका विकास गतिविधि तथा विकासका झलकहरुको प्रचार प्रसार र सम्प्रेषणको प्रबन्ध गरी नागरिकलाई सु-सूचित गरिनेछ।

२१४. नगरप्रहरी र फोहोरव्यवस्थापन कार्य लाई क्रमशः तेस्रो पक्ष सँगको साझेदारीमा संचालन हुने प्रबन्ध मिलाइनेछ।

२१५. मुहारविहीनर कागजविहीन अवधारणा अवलम्वन गर्दै लगिनेछ ।

## सेवा प्रवाह सम्बन्धी नीति

२१६. सेवा प्रवाहमा डिजिटल प्रणाली, आवश्यकताका आधारमा एकद्वार सेवा तथा समयबद्ध सेवा वितरण प्रणाली लागू गरी प्रविधि-आधारित नागरिकमैत्री, सरल, सहज, पहुँचयोग्य एवम् गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गरिनेछ।

२१७. नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको प्रयोगलाई उच्चतम प्राथमिकतामा राखी डिजिटल प्रशासन प्रवर्द्धनात्मक कार्यक्रमको अवधारणालाई अङ्गीकार गरिनेछ।

२१८. सेवा प्रवाहलाई छिटो, पारदर्शी, समावेशी तथा परिणाममुखी बनाउन आवश्यक सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

२१९. सार्वजनिक सुनुवाईको माध्यमबाट संस्थागत सेवा प्रवाह चुस्त र दुरुस्त पार्न सेवा प्रदायक र सेवाग्राही नागरिकबीच दोहोरो संवादको सौहार्द्रपूर्ण वातावरण निर्माण गरिनेछ।

२२०. सेवाग्राहीको सुझाव संकलन, गुनासो व्यवस्थापनतथा सेवाप्रतिको सन्तुष्टि अभिवृद्धि गर्न पहल गरिनेछ।

२२१. उपभोक्ताहित तथा अधिकारको कार्यान्वयन तथा नियमनमा विशेष ध्यान दिइनेछ ।

२२२. अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्य अगाडि बढाइनेछ।

२२३. नगरपालिकाकोसंगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८३ कार्यान्वयनमा ल्याइनेछ ।

२२४. "समयमै घटना दर्ता गरौं, अधिकार र सेवा सुनिश्चित गरौं" भन्ने नाराका साथ सतप्रतिशत घटना दर्ता अभियान सञ्चालन गरी तथ्याङ्ककोशुद्दता र अद्यावधिक गर्दै लगिनेछ।

## आन्तरिक राजश्व

२२५. स्थानीय आर्थिक विकास र सेवा प्रवाहलाई सुदृढ बनाउन न्यायोचित, पारदर्शी र समतामूलक कर प्रणाली अवलम्बन गरिनेछ।

२२६. आन्तरिक स्रोतको परिचालनलाई दिगो बनाइनेछ। राजस्वका थप क्षेत्र पहिचान गरी राजस्वको दायरा विस्तार गरिनेछ।

२२७. श्रोत बाँडफाँडलाई समन्यायिक, सन्तुलित र अनुमानयोग्य बनाउन खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा बजेट व्यवस्थापन गरिनेछ ।

२२८. करदातामैत्री वातावरण सिर्जना गर्दै कर संकलनलाई डिजिटल प्रणालीमार्फत प्रभावकारी बनाइनेछ।

२२९. करको दायरा विस्तार गरी कर आधार वृद्धि गर्दै स्वच्छ कर प्रशासनलाई प्राथमिकता दिइनेछ।

२३०. व्यवसाय नवीकरण तथा अनुगमन कार्यलाई तीव्रता दिइनेछ।

२३१. आगामी आर्थिक वर्षदेखि स्थानीय करको दायरालाई बढाउँदै घर बहाल कर संकलनलाई पूर्ण रूपमा अनिवार्य र प्रणालीबद्ध गरिनेछ।

२३२. करको दायरामा नआउने वा बहाल रकम लुकाउने प्रवृत्तिलाई निरुत्साहित गर्न वडास्तरमा राजस्व अनुगमन टोली परिचालन गरिनेछ। नियतवश कर छली गर्नेहरूलाई पालिकाबाट प्रदान गरिने सिफारिस तथा अन्य सेवा सुविधाहरू रोक्का गर्नेसम्मको कानुनी व्यवस्था मिलाइनेछ।

२३३. कमजोर तथा विपन्न वर्ग, पूर्ण अपांगता भएका व्यक्ति, सामाजिक कार्य गर्ने संघ-संस्थालाई संरक्षण गर्दै कर नीतिमा सामाजिक न्याय सुनिश्चित गरिनेछ।

२३४. स्वैच्छिक कर सहभागिता अभिवृद्धि गर्न सचेतना अभियानसञ्चालन गरिनेछ । "मेरो कर, मेरो नगरको विकासभन्ने भावना जागृत गराउन उद्योग वाणिज्य संघ ", टोल विकास संस्था र नागरिक समाजसँगको सहकार्यमा कर सचेतना तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२३५. इ-पेइमेन्टप्रणाली सुदृढीकरण, डिजिटल भुक्तानी प्रणालीको प्रयोग,(क्यू आर, कनेक्ट आइपियस, मोबाइल बैंकिङ) लाई प्रोत्साहन गरिनेछ।

२३६. राजस्व प्रणालीलाईव्यवस्थित गर्न स्थानीय संचितकोष प्रणाली भित्रै विकसित र हाल पूर्ण रुपमा संचालनमा रहेको राजस्व मोडल संचालनलाई निरन्तरता दिइनेछ। राजस्व संकलनकै लागि छुट्टै सफ्टवेर प्रणालीकोविकास तथा उपयोग गरिने छैन।

२३७. राजस्व प्रशासनमा संलग्न जनशक्तिको क्षमता विकास गरी सुत्र राजस्व मोडलमा समय सापेक्ष परिमार्जन एवम् नवीकरण भएका विषय अपडेट गर्दै लगिनेछ।

### न्यायिक कार्य तथा मेलमिलाप

२३८. न्यायिक समितिको कार्यलाई पारदर्शी, उत्तरदायी र सेवाग्राहीमैत्री बनाइनेछ।

२३९. विवाद समाधान प्रक्रियामा सामुदायिक मेलमिलापकर्ताको क्षमता विकास गरी प्रभावकारी बनाइनेछ।

२४०. सबै वडामा स्थापना भएका मेलमिलाप केन्द्रको सुदृढीकरण गरी न्यायिक पहुँच विस्तार गरिनेछ।

२४१. न्यायिक सेवा प्रदान गर्दा लैङ्गिक समानता, सामाजिक न्याय र मानव अधिकारको पूर्ण सम्मान गरिनेछ।

२४२. डिजिटल प्रणालीमार्फत उजुरी दर्ता, अभिलेख व्यवस्थापन र अनुगमन प्रणाली अवलम्बन गरिनेछ।

२४३. विवाद न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ।

२४४. न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्नेविवाद अदालतसम्म नपुग्ने गरी मेलमिलाप र मध्यस्थतामार्फत समाधान गर्ने व्यवस्था सुदृढ गर्दै लगिनेछ।

**नगरसभा सदस्यहरुः**

आजको यस गरिमामय सभा समक्ष प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरू केवल योजनाका दस्तावेज मात्र होइनन्, यिनले समृद्ध र सुशासित नगरपालिका निर्माणका लागि हाम्रा स्पष्ट संकल्प र मार्गचित्र बोकेका छन्। यस नगरपालिकाको समुन्नति सुशासन र दिगो विकासको साझा आकांक्षाको सम्बोधन स्थानीयस्तरको एकल प्रयासबाट मात्र सम्भव छैन। यसका लागि सबै पक्षको सामूहिक प्रतिवद्धता अपरिहार्य छ। सीमित स्रोत साधन र असीमित अपेक्षाहरूका बीच सन्तुलन कायम गर्दै, नगरबासीहरूको जीवनस्तरमा प्रत्यक्ष सकारात्मक परिवर्तन ल्याउनु नै हाम्रो मुख्य ध्येय रहनेछ।

यस नीति तथा कार्यक्रममा समेटिएका कृषि, पर्यटन, भौतिक पूर्वाधार, सामाजिक विकास र सुशासन सम्बन्धी रणनीतिक योजनाहरूको सफल कार्यान्वयनबाट हाम्रो पालिका समृद्धिको दिशामा अगाडि बढ्ने कुरामा म पूर्ण रूपमा विश्वस्त छु।

यस नगरपालिकाको समग्र विकास समृद्धि र सुशासनकोसहयात्रीका रुपमा हातेमालो गर्दै यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा अमूल्य राय सुझाव र मार्गदर्शन दिनुहुने आदरणीय संघीय तथा प्रदेश सभाका माननीयज्यूहरू, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरू, उद्योगी, व्यवसायी, निजी क्षेत्र, सहकारी तथा सञ्चारकर्मी, नागरिक समाज र सम्पूर्ण नगरबासी आदरणीय दिदीबहिनी तथा दाजुभाइहरूमा म हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

अन्त्यमा, यस नीति तथा कार्यक्रम स्वीकृतिका लागि म यस गरिमामय नगर सभाका सम्पूर्ण आदरणीय सदस्यहरूलाई हार्दिक अनुरोध गर्दछु। साथै, यसको सफल कार्यान्वयनमा विगतमा जस्तै आगामी दिनमा पनि यहाँहरू सबैको पूर्ण सहयोग, समन्वय र ऐक्यबद्धता रहनेछ भन्ने विश्वास लिएको छु।

**धन्यवाद।**